नेपाल सरकार

# अर्थ मन्त्रालय

अन्तर सरकारी वित्त व्यवस्थापन महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०७५।७६
च. नं.:- ०२

मिति: २०७५।०४।०३

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

विषय: जिल्ला निकासी कर सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रदेश नं. १, प्रदेश नं. ३ र कर्णाली प्रदेश लगायतका नेपाल राज्यभित्रका प्रदेशहरुले प्रदेश आर्थिक विधेयक २०७५ बाट संविधानको धारा २३६ विपरित एक जिल्लाबाट अर्को जिल्लामा निकासी हुने वनजन्य, कृषिजन्य र खानीजन्य वस्तुको निकासीमा जिल्ला निकासी शुल्कको दर निर्धारण गरी सो को कार्यान्यन गर्न सम्बन्धित जिल्ला समन्वय समितिलाई तोकेको व्यहोरा पेश हुंदा संविधान प्रतिकूल भएको उक्त व्यवस्था अनुरुप प्रदेश नं. १, प्रदेश नं. ३ र कर्णाली प्रदेश लगायतले प्रस्ताव गरेको जिल्ला निकासी कर कार्यान्वयनमा नल्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने भनी नेपाल सरकार अर्थ मन्त्रालय ( माननीय अर्थमन्त्रीस्तर ) बाट मिति २०७५।०४।०२ मा निर्णय भएकोले निर्णय अनुसार जिल्ला निकासी कर कार्यान्वयनमा नल्याउने व्यवस्था हुन अनुरोध छ ।

२०७५।०४।०३

दिनेश गुरागाईं
शाखा अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.बि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, बि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np